

नदीमा हेलिकप्टरबाट नमूना उद्धार अभ्यास गरिंदै :-
मधेश प्रदेश सरकारको गृह तथा सञ्चार मन्त्रालयको सहयोगमा नेपाली सेना, सशस्त्र प्रहरी बल र जनपद प्रहरीले संयुक्त रूपमा सिरहाको कर्जना नगरपालिकास्थित कमला नदीमा गरेको विपद् व्यवस्थापन सम्बन्धी नमूना अभ्यासको क्रममा शुक्रबार नदीको बीच भागमा फसेका दुई जनाको हेलिकप्टरको सहयोगमा उद्धार गरिंदै ।तस्वीर : अजयकुमार साह, रासस

# बर्दियामा गोली लागी एकको मृत्यु

**बर्दिया, १७ असार (रासस)**

बर्दियाको गुलरिया नगरपालिका(३ मा भारतीय जङ्गलमा गोली लागि एक जनाको मृत्यु भएको छ।

बिहान करिब १० बजे सीमावर्ती भारतीय जङ्गलमा निउरो टिप्न गएका हेमराज गोडियाको अज्ञात व्यक्तिले चलाएको गोली दायाँ खुट्टामा लागेको थियो।

उनलाई अस्पताल ल्याउँदै गर्दा मृत्यु भएको बर्दियाका प्रहरी नायब उपरीक्षक सूर्य सुवेदीले जानकारी दिनुभयो।

गोली कसले कसरी चलाएको हालसम्म जानकारी नभएको उपरीक्षक सुवेदीले बताउनुभयो। शव परीक्षण गरी आफन्तको जिम्मा लगाइएको छ।

# ट्रक दुघटनामा भारतीय नागरिकको मृत्यु

**मकवानपुर, १७ असार (रासस)**

मकवानपुरको बकैया गाउँपालिका(११ घट्टेपाखा नजिक आज फलाम बोकेको ट्रक दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ।

दिउँसो हेटौँडाबाट ठिंगनतर्फ जाँदै गरेको सि जी ०७ बि एच ५५२७ नम्बरको फलाम बोकेको भारतीय ट्रक दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

मृत्यु हुनेमा ट्रक चालक भारत पटना जिल्ला महाबलिपुर बस्ने ४० वर्षीय सुरेन्द्र यादव रहेका जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिनुभयो।

उहाँका अनुसार उक्त ट्रक स्थानीयवासीको घरमा ठक्कर दिएर २०० मिटर तल खस्दा चालक सुरेन्द्रको घटनास्थलमै मृत्यु भएको हो।

सुरेन्द्रको शव गाडीको स्टेयरिङमा अड्केर रहेको अवस्थामा फेला परेको प्रहरी नायब उपरीक्षक कार्कीले बताउनुभयो । उनको शव परीक्षणका लागि हेटौँडा ल्याउँदै गरेको उहाँले बताउनुभयो। ट्रकका सहचालक भारत रौतास जिल्ला दरिहट बस्ने १८ वर्षीय अजित यादव भने हामफालेर बाँच्न सफल भएका छन् । अजित सामान्य घाइते छन्।

# घट्यो सुनचाँदीको मूल्य

**काठमाडौँ, १७ असार (रासस)**

सुनचाँदी बजारमा आज छापावाल सुनको मूल्य प्रतितोला ९७ हजार २०० तोकिएको छ।

अघिल्लो दिन प्रतितोला रु ९७ हजार ५०० मा कारोबार भएका पहेँलो धातु आज प्रतितोला रु ३०० ले घटेको हो।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणानुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु ९६ हजार ७०० छ। यसको मूल्य अघिल्लो दिन प्रतितोला रु ९७ हजार थियो।

त्यस्तै आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु २५ ले घटेर रु एक हजार २१० तोकिएको महासङ्घले जनाएको छ। महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका तुलनामा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ।

# सप्तरीमा छ महिनामा ४४ मानवअधिकार उल्लंघनका घटना

**सप्तरी, १७ असार (रासस)**

सप्तरीमा छ महिनाको अवधिमा ४४ वटा मानवअधिकार उल्लङ्घन तथा ज्यादतिका घटना बढेको छ।

इन्सेक सप्तरी शाखाले सन् २०२२ को जनवरीदेखि जुनसम्मको अवधिमा अभिलेख गरिएको घटना सार्वजनिक गर्दै सो जानकारी दिएको हो। यो छ महिनाको अवधिमा महिला र बाल हिंसाका घटना बढी अभिलेख गरिएको छ।

इन्सेक प्रतिनिधि मनोहरकुमार पोखरेलले सार्वजनिक गर्नुभएको प्रतिवेदनअनुसार बढी चर्चामा रहेको घटनामा बोदे बर्साइन नगरपालिका(१ धनगढीकी २७ वर्षीया राजकुमारी साहलाई २०७८ माघ २१ गते देवरले पेट्रोल छर्केर आगो लगाई हत्या गरेको उल्लेख छ। हत्या आरोपमा पक्राउ परेका २१ वर्षीय परमेश्वर साह असार ७ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन्।

यस्तै सुरुङ्गा नगरपालिका(२ घुमाउने चौरीकी ४३ वर्षीया देवकुमारी सदाको हत्या आरोपमा उहाँका श्रीमान् ४९ वर्षीय अगहनु सदा रु ५० हजार धरौटी रकम राख्न नसक्दा चैत २२ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

यस वर्ष गैरराज्यबाट तीन हत्याका घटनामध्ये २७ र ३५ वर्षका दुई दलित र २५ वर्षका एक मुस्लिम समुदायका युवकको हत्या भएको अभिलेख छ। आरोपितहरू १६ मध्ये पुर्पक्षका लागि थुनामा दुई, धरौटीमा रिहा तीन, बालसुधार गृहमा एक र पक्राउ पुर्जी जारी भएका १० जना छन्। नवजात शिशुको हत्या घटनामा शव फाल्नेको पहिचान हुनसकेको छैन।

प्रतिवेदनअनुसार बालिका बलात्कारको १० घटनामा १८ वर्षभित्रका १० पीडित छन्। आरोपित १५ वर्षदेखि ६८ वर्षका १५ मध्ये पाँच पुर्पक्षका लागि थुनामा र पाँच जना बालसुधार गृहमा छन् । बाँकी तीन आरोपितविरुद्ध पक्राउ पुर्जी जारी भएको छ भने दुई जना हालै पक्राउ परेका छन्।

यसैगरी महिला बलात्कारका तीन घटनामा २५ माथि ४० वर्षीयासम्मका तीन महिला पीडित भएका छन्। बलात्कारको घटनामा १८ देखि ३० वर्षीय पाँच आरोपीमध्ये तीन फरार छन्, एक हालै पक्राउ परेका छन् भने एक जनाले सफाइ पाएका छन्।

महिला बलात्कार प्रयासका एक घटनामा २८ वर्षीया महिला पीडित भएकी छिन्। उक्त घटनामा आरोपित दुईमध्ये एक धरौटीमा रिहा भएका छन् भने अर्का एक फरार छन्।

अमानवीय व्यवहारको एक घटनामा २७ वर्षीया एक महिला पीडित भएको प्रतिवेदनमा उल्लेख छ। परिवारकै सदस्यबाट भएको सो हिंसामा चार जना पुर्पक्षका लागि धरौटीमा रिहा भए भने दुई फरार छन्।

इन्सेक प्रतिनिधि पोखरेलका अनुसार छ महिनाको अवधिमा बहुविवाहको पाँच, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारअन्तर्गत चार, घरेलु हिंसाका तीन तथा गर्भपतन, मानव बेचबिखन, अपहरण उद्योग, अभद्र व्यवहार, धम्की र झडपका एक(एक घटना अभिलेख गरिएको छ।

# काम नलाग्ने नोट नष्ट गर्न बिएसबिएस मेसिन

**गण्डकी, १७ असार (रासस)**

नेपाल राष्ट्र बैंकले काम नलाग्ने नोट नष्ट गर्नका लागि पोखरामा बैंक नोट सेडिङ एण्ड ब्रिकेटिङ सिस्टम (बिएसबिएस) मेसिन सञ्चालनमा ल्याएको छ।

मेसिन सञ्चालनको स्वीच अन गरेर नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले एक समारोहकाबीच शुभारम्भ गर्नुभयो। यसअघिसम्म आगोको प्रयोगबाट जलाएर नोट नष्ट गर्ने गरिएकामा अब भने बिएसबिएस मेसिनका माध्यमबाट नोट नष्ट गरिनेछ। नष्ट गरिएका नोटबाट ब्रिकेट उत्पादन हुने जनाइएको छ ।कार्यक्रममा गभर्नर अधिकारीले नोट धुल्याउने कार्यलाई आधुनिकीकरण र यान्त्रिकीकरण गर्ने उद्देश्यका साथ सञ्चालनमा ल्याइएको मेसिनका कारण वातावरणीय प्रदूषणमा पनि राहत पुग्ने बताउनुभयो।

बैंकको कार्यलाई आधुनिक एवं प्रविधियुक्त बनाउनका लागि बिएसबिएस मेसिनको प्रयोग उपयोगी बन्ने उहाँले बताउनुभयो । यसअघि प्रचलनमा आउन अयोग्य ठहरिएका नोटलाई जलाएर नष्ट गरिँदै आइएकामा बिएसबिएस मेसिनको प्रयोगबाट त्यसलाई ससाना टुक्रा बनाउने र स्वचालित प्रविधिबाट ब्रिकेट उत्पादन गर्ने कार्यक्रममा जानकारी गराइयो।

# ध्रुवचन्द्र गौतम : लेखन यात्राको आठौँ दशकको पूर्वसन्ध्या ग्रन्थ सार्वजनिक

**काठमाडौँ, १७ असार (रासस)**

साहित्यकार 'ध्रुवचन्द्र गौतम : लेखन यात्राको आठौँ दशकको पूर्वसन्ध्या' ग्रन्थ लोकार्पण गरिएको छ।

रमाकृष्ण सिर्जना प्रतिष्ठानले प्रकाशन गरेको ग्रन्थमा आठौँ दशकको पूर्वसन्ध्यासम्मको लेखनयात्रामा स्रष्टा गौतम, पहिलो दशकसहित सात दशकको लेखनयात्रामा स्रष्टा गौतम, कृतिमा स्रष्टा गौतम अध्यायअन्तर्गत उहाँका कृतिका विषयमा विभिन्न समालोचक एवं साहित्यकारले गर्नुभएको समीक्षात्मक लेख समावेश गरिएको छ।

सात वटा अध्याय रहेको ३३६ पृष्ठको ग्रन्थको अध्याय तीनदेखि सातसम्म साहित्यकार गौतमको जीवनका महत्वपूर्ण घटना एवं साहित्यिक सिर्जनाका विषयमा लेखक एवं साहित्यकारको लेख समावेश गरिएको छ। प्रतिष्ठानका अध्यक्ष महेन्द्रबहादुर गुरुङले सम्पादन गर्नुभएको ग्रन्थको जयदेव भट्टराई, डा खुमनारायण पौड्याल र डा इशान गौतमले सम्पादन सहयोगीका रूपमा काम गर्नुभएको हो।

प्रतिष्ठानले आज यहाँ आयोजना गरेको कार्यक्रममा नेपाल प्रज्ञा( प्रतिष्ठानका उपकुलपति प्राज्ञ डा जगमान गुरुङले गौतम साहित्य र योग दुवै विधाका साहित्यकारका रूपमा आफूले पाएको बताउनुभयो। समाजमा बिथोलिँदै गएको सामाजिक सद्भाव कायम गर्न विद्वान्ले यस्ता कामलाई निरन्तरता दिनुपर्नेमा उहाँले जोड दिनुभयो।

ग्रन्थका बारेमा समीक्षात्मक मन्तव्य राख्नुहुँदै प्रा डा ज्ञानु पाण्डेले आख्यान साहित्यलाई नयाँ युगमा प्रवेश गराउन साहित्यकार गौतमको ठूलो योगदान रहेको बताउनुभयो। कविताबाट साहित्यिक यात्रामा प्रवेश गर्नुभएका गौतमले गीत, कथा, नाटक, नियात्रा, निबन्ध, एकाङ्की, अनुवादलगायत सबैजसो विधामा कलम चलाउनुभएको उहाँले सुनाउनुभयो।

साहित्यिक पत्रकारका रूपमा समेत काम गर्नुभएका साहित्यकार गौतमले हिमालय टाइम्स दैनिक, साप्ताहिक विमर्श, देशान्तर साप्ताहिक जस्ता पत्रिकामा स्तम्भकारका रूपमा समेत कलम चलाउने गर्नुभएको स्मरण पाण्डेले गराउनुभएको थियो।

सो अवसरमा प्रतिष्ठानका अध्यक्ष गुरुङ, साहित्यकार रोचक घिमिरे, प्रा डा कृष्णहरि बराल, प्रा डा लक्ष्मण गौतम, विनोदमणि दीक्षितलगायतले गौतमले नेपाली साहित्यमा पुऱ्याउनुभएको योगदानका विषयमा चर्चा गर्नुभएको थियो। साहित्यिक अनुसन्धाताका लागि महत्वपूर्ण पुस्तकको मूल्य रु ४५० छ।

कार्यक्रममा साहित्यकार गौतमको २८औँ उपन्यास 'सातो' पनि सार्वजनिक गरिएको थियो। रत्न पुस्तक भण्डारले प्रकाशन गरेको उपन्यास ११४ पृष्ठको छ। पुस्तकका विषयमा समीक्षा गर्नुहुँदै साहित्यकार देवेन्द्र भट्टराईले उहाँका चार उपन्यास अहिले प्रेसमा पुगेकाले केही समयमै सार्वजनिक हुने जानकारी दिनुभयो। उपन्यासको मूल्य रु १९५ राखिएको छ।






# आर्थिक समाचार

## काजुदेखि कटुससम्म किनेर खान्छन् नेपाली

**-रमेश लम्साल र नवीन पौडेल**
**काठमाडौँ, १७ असार (रासस)**

नेपाल कसरी परनिर्भर बन्दै गएका छन् भन्ने एउटा सामान्य उदाहरणका रूपमा लिन सकिन्छ नेपालमा भइरहेको कटुसको आयात।

नेपालका वनजङ्गलमा सहजरूपमा पाइने कटुससमेत आयात गरेर नेपालीले खाइरहेको पाइएको छ।

नेपालीले विशेषगरी भाइटीकाका दिनमात्रै प्रयोग गर्ने गरेको कटुसका बारेमा जानकारी पाएर पनि त्यसलाई व्यावसायिक उत्पादनमा ध्यान दिन सकेका छैनन्। तर त्यही कटुसको आयातका लागि अमेरिकन डलर खर्च भइरहेको छ।

व्यावसायिकरूपमा खेती गर्नु नपर्ने, वनजङ्गलमा सजिलै पाइने तथा गाउँघरमा खेर गइरहेको कटुससमेत आयात गरेर नेपालीले परनिर्भरताको उदाहरण पेस गरिरहेका छौँ।

एघार महिनाको अवधिमा ७६ किलो कटुस आयात भएको छ। त्यसको मूल्यमात्रै रु ४९ हजार बराबर छ। सानो परिमाण भए पनि यसबाट विदेशी मुद्रा थप विदेशिएको छ।

भन्सार विभागले सार्वजनिक गरेको चालु आवको जेठ मसान्तसम्मको आयात निर्यातसम्बन्धी विवरणानुसार १३ लाख ७४ हजार ७८६ किलो काजु आयात भएको छ।

उक्त परिमाणमा काजु आयात गर्नका लागि रु एक अर्ब ११ करोड ९२ लाख ७६ हजार खर्च भएको छ। त्यसबाट सरकारले रु ३४ करोड ४७ लाख ३९ हजार राजस्व सङ्कलन गरेको छ।

भारत, भियतनाम, मोजाम्बिक, नाइजेरिया, चिली, अमेरिकालगायत देशबाट नेपालमा काजु आयात हुने गरेको छ। भारतबाट मात्रै रु ४९ करोड १७ लाख ५९ लाख मूल्यमा ५७ लाख ३५ हजार ७८ हजार किलो काजु भित्रिएको छ।

त्यस्तै चालु आवको ११ महिना अवधिमा रु ७९ करोड ७१ लाख ७० हजार मूल्य बराबरमा कूल १२ लाख ४५ हजार ६८१ किलो बदाम (आल्मण्ड) आयात भएको छ।

अमेरिकाबाट मात्रै १२ लाख पाँच हजार ३०२ किलो बदाम रु ७६ करोड ६८ लाख ८० हजार मूल्य बराबरको भित्रिएको छ। अमेरिकामा आलमण्डको ठूलो मात्रामा व्यावसायिक खेती हुने गरेको छ। नेपालको हावापानीमा पनि आमल्ड उत्पादन हुनसक्छ। नेपालीले त्यसतर्फ ध्यान दिन सकेका छैनन्।

**६९ करोड ६० लाखको ओखर आयात**

विभागका अनुसार यस अवधिमा रु ६९ करोड ६० लाख ४९ हजार मूल्यमा २२ लाख ७७ हजार ५३७ किलो ओखर आयात भएको छ।

नेपालको भिरपाखामा सहजै रोप्न सकिने ओखरसमेत आयात गरेर खानुपर्ने अवस्थाका कारण नेपालको परनिर्भरता झनै बढेर गएको हो।

ओखर आयात गर्दा मात्रै मुलुकले रु २१ करोड ५२ लाख ८३ हजार रकम राजस्व सङ्कलन गरेको छ। छिमेकी मुलुक चीनबाट ओखर सबैभन्दा धेरै भित्रिने गरेको तथ्याङ्क छ।

चालु आवको ११ महिनामा चीनबाट २० लाख ५६ हजार ६७९ किलो ओखर रु ६३ करोड १० लाख ७८ हजार मूल्य बराबरको आयात भएको छ। बाँकी परिमाण भने भारतलगायतका अन्य देशबाट आयात भएको छ।

त्यस्तै रु छ करोड ३७ लाख ६१ हजार मूल्यमा कूल छ लाख ९४ हजार २२३ किलो छोकडा आयात भएको छ। जसमा सुकेका छोकडा रु चार करोड १३ लाख ७३ हजार बराबरका छन् भने ताजा छोकडा रु दुई करोड २३ लाख ८८ हजारका बराबरका छन्।

**एक अर्बको सुपारी आयात**

त्यस्तै चालु आवको गएको ११ महिनामा रु एक अर्ब ७० करोड ८५ लाख ८५ हजार मूल्य बराबरको कूल ८४ लाख ५१ हजार ४१५ किलो सुपारी आयात भएको छ।

उक्त परिमाणको सुपारी नेपालले इन्डोनेशियाबाट आयात गरेको हो। नेपालले सुपारीको निर्यातसमेत गर्दछ। तेस्रो मुलुकबाट सुपारी आयात गरी मुख्य गरी भारतमा यसको निर्यात हुँदै गरेको देखिन्छ। नेपालले यस अवधिमा रु ५६ करोड ८७ लाख ७० हजार मूल्य बराबरको १४ लाख १० हजार ६४० किलो सुपारी निर्यात गरेको छ।

विभागका अनुसार यस्ता अन्य ड्राइफ्रुट्स रु एक अर्ब ४३ करोड ७१ लाख ८४ हजार बराबरको आयात भएको छ। त्यसबाट सरकारले रु ७३ करोड ६७ लाख १५ हजार राजस्वसमेत सङ्कलन गरेको छ।

नेपालीले नेपालको भौगोलिक अवस्था तथा हावापानीमा राम्रो उत्पादन हुने जुनेलोसमेत आयात गरिरहेको विवरण छ। नेपालले चालु आवको जेठ मसान्तसम्मको अवधिमा ७७७ किलो जुनेलो रु ४० हजार मूल्यमा आयात गरेको छ।

बारीका डिलमा रोप्दा हुने जुनेलो खरिद गर्न विप्रेषणबाट भित्रिएको पैसा खर्च गर्न थालेपछि त्यसले अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्ने कुरा स्वभाविक नै भएको बताइएको छ।

## नेप्सेमा पहिरो, दुई कम्पनीको शेयरमा सर्किट

**काठमाडौँ १७ असार (रासस)**

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचकको वृद्धि एक दिन पनि टिक्न सकेन।

बिहीबार उच्च अङ्कले उकालो लागेको कारोबार मापक नेप्से पसिरसूचक आज भने पुनः ओरालो लाग्यो।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ८.८७ अङ्कले ओरालो लागेर दुई हजार २८.७७ अङ्कमा पुगेको छ। त्यस्तै ठूला कम्पनीको शेयर कारोबार मापक सेन्सेटिभ परिसूचक ३.१७ अङ्कले ओरालो लागेर ३८८.६२ मा ओर्लेको छ।

कूल २२१ कम्पनीका ३६ लाख ६३ हजार २२० कित्ता शेयर रु एक अर्ब ४५ करोड ९३ लाख १२ हजार १५ मूल्यमा खरिद बिक्री भए। आज बिहान ११ देखि १ बजेसम्म भएको कारोबारका आधारका बजार पूँजीकरण रु २८ खर्ब ९२ अर्ब ५१ करोड ६४ लाख २० हजार बराबर रहेको छ।

कारोबार भएका कूल १३ उपसमूहमध्ये तीन उपसमूहको शेयर मूल्यमा वृद्धि भएको छ भने १० उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ। व्यापार २५.८१, वित्त ७.१२ र लघुवित्त २९.४८ अङ्कले उकालो लाग्यो। त्यस्तै बैंकिङ ८.३२, होटल तथा पर्यटन २२.१८, विकास बैंक ४९.३४, जलविद्युत् ११.२२, निर्जीबन बीमा १८.२६, उत्पादन ३१.४७, अन्य ८.४५, जीवन बीमा ३३.८५, सामूहिक लगानी कोष ०.०९ र लगानी ०.५९ अङ्कले ओरालो लागेको छ।

नेप्सेका अनुसार कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ। सो कम्पनीको रु पाँच करोड ५७ लाख ४७ हजार ८९३ बराबरको कारोबार भयो। त्यस्तै एसियन लाइफ इन्सुरेन्स रु पाँच करोड २२ लाख ५६ हजार ३२६, नेपाल पुनरबीमा कम्पनी रु चार करोड ९० लाख ४८ हजार १४८, हिमालयन डिस्टिलरी रु चार करोड ६२ लाख दुई हजार ४७१ र एनआइसी एसिया बैंक रु चार करोड ५१ लाख ३२ हजार ६५५ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए।

नेप्सेका अनुसार ओरालो लागेको बजारमा आँधीखोला लघुवित्त र सिवाइसिइल लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो। त्यस्तै नेपाल फाइनान्स ७.७०, मैलुङ खोला जलविद्युत् कम्पनी ६.१७ र किसान लघुवित्तका लगानीकर्ताले ४.८१ प्रतिशतले कमाए।

यस्तै, स्ट्यान्डर्ड चार्टड बैंक ४.७७, युनाइटेड इन्सुरेन्स ४.०३, लक्ष्मी लघुवित्त ३.७०, आरबिबी म्युचुअल फन्ड एक ३.६७ र जनरल इन्सुरेन्स कम्पनीका लगानीकर्ताले ३.४२ प्रतिशतले गुमाए।

### बढ्दैछ....

करिब ६० लाख मेट्रिक टन धानको आवश्यकता पर्छ। विज्ञहरू भन्छन्, "उत्पादन बढाउन चैते धान खेतीलाई बढावा दिनुपर्ने, समयमा मलखाद्य, बीउ बिजन र सिँचाइको व्यवस्था हुनुपर्छ।" राष्ट्रिय कृषि अनुसन्धान परिषद् (नार्क) का पूर्ववरिष्ठ वैज्ञानिक डा भवप्रसाद त्रिपाठीले सिँचाइका ठूला आयोजनाको तदारुकताका साथ निर्माण, चार लाख हेक्टर जमिनमा वर्षे धान खेती, तराईका धानखेती हुने जग्गामा माछापोखरी खन्न रोक, वर्षे धान खेत गर्ने किसानलाई धान सुकाउने मेसिनको उपलब्धता हुने हो भने चामलमा आत्मनिर्भर हुन पाँच वर्ष पनि नलाग्ने बताउनुहुन्छ।

### विपद्...

अधिकारी सुरेन्द्र पौडेल, सिरहाका प्रमुख जिल्ला अधिकारी लालबाबु कवाडी, धनुषा र सिरहाको विभिन्न पालिकाका प्रमुख, सुरक्षा निकायका अधिकारी, राजनीतिक दलका प्रतिनिधि, सञ्चारकर्मीलगायतको उपस्थिति रहेको थियो।

### सहिद....

लागि आर्थिक सहयोग गर्दै आएको बताउनुहुँदै मन्त्री साहले जल विद्युत् आयोजनामा शहिद परिवारलाई शेयर सदस्य बनाउने योजना बनाउन लागेको बताउनुभयो।

### समाजबादी....

व्यक्त गरेको छ।

बैठकमा केन्द्रिय प्रचार बिभागका सचिव प्रकाश खतिवडा , संगठनका उपाध्यक्ष सितल साह , महासचिव भुपराज खडका , नेकपा एस पर्साका कार्यवाहक अध्यक्ष गंगा खडका , संगठनका प्रदेश इन्चार्ज सुबास साह , सह - इन्चार्ज राघव साह लगायतले मन्तव्य ब्यक्त गर्नु भएको थियो।

### बैंकिङ....

हेटौडा ईजलास संयुक्त वाणिज्य ईजलासबाट भएको आदेश पश्चात फरार रहेको अवस्थामा वप्रका विर्ताबाट खटिएको फैसला कार्यान्वयन विशेष टोलीले वीमनपा वडा नं.१ छप्कैया स्थितबाट पक्राउ गरी पर्सा जिल्ला अदालतमा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

### ठगी मुद्दामा....

नं.१६ की २५ वर्षीया रिता श्रेष्ठसंग एन सेल लक्की ड्र मार्फत ठगी गरी फरार भएको भन्ने व्यहोराको श्रेष्ठको जाहेरीको आधारमा पर्सा जिल्ला गा.बि.स.सोनबर्षा वडा नं.५ हाल पटेर्वा सुगौली गाउपालिका वडा नं.१ को ६५ वर्षीय चौधरीलाई पर्सा जिल्ला अदालतको २०७३ अषाढ २९ गते र उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजको २०७५ जेठ ८ गतेको फैसलाले १ वर्ष कैद र रू.५ हजार जरिवाना तोकिए पछि फरार रहेकोमा इप्रका पटेर्वासुगौलीबाट खटिएको फैसला कार्यान्वयन विशेष टोलीले शुक्रवार पक्राउ गरी पर्सा जिल्ला अदालतमा बुझाइएको जिप्रका पर्साले जनाएको छ।

### चट्याङ....

जानकारी दिनु भयो।चट्याङबाट यादव संगै काम गरिरहेका स्थानीय एक बालिका सहित दुईजना घाइते भएको प्रनाउ थापाले बताउनु भयो।

चट्याङ लागेर स्थानीय २८ वर्षीय नेतालाल पण्डित र भरोशा यादवकी ८ वर्षीया छोरी रुवी कुमारी घाइते भएका हुन। घाइतेहरुको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ।

### गाडीको....

नम्बर नखुलेको गाडीले गए राति ठक्कर दिएको थियो। घाइते युवकलाई तत्कालै नमूना अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए। दुर्घटनामा संलग्न रहेको आशङ्कामा एउटा ट्रकलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

धमाका! धमाका!! धमाका!!!
फोन गर्नुहोस् सेवा लिनुहोस्
मिखा ट्रेडर्स
वीरगंज, पर्सा
ग्याँस चुल्हो सम्बन्धी सम्पूर्ण सामान विक्री तथा मर्मत गरिन्छ।


०५१-५२८६६२, ०५१-५२०८४१
९८०७२६३०७२,
९८४५०३६७६८

# अन्तराष्ट्रिय समाचार

## अमेरिकामा गोली चल्दा नौ घाइते

अमेरिका, १७ असार (रासस(एएनआई)

अमेरिकाको उत्तरपूर्वी शहर नेवार्कमा बिहीबार भएको गोलीकाण्डमा नौ जना घाइते भएको सिन्हृवाले जनाएको छ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले संयुक्त राज्य अमेरिकामा बन्दुक हिंसाका घटनाहरू रोक्न एक विधेयकमा हस्ताक्षर गरेपछि सो सामूहिक गोलीबारीको घटना भएको हो। गोलीबारी क्लिन्टन प्लेसको २०० ब्लकमा साँझ ६:२० बजे भएको सिन्हृवाले प्रहरीलाई उद्धृत गर्दै बिहीबार उल्लेख गरेको छ।

पीडितमा एक नाबालकसमेत रहेको बताइएको छ। घटना बारे नेवार्क प्रहरी विभागद्वारा अनुसन्धान भइरहेको र थप विवरण सार्वजनिक हुन बाँकी छ।

संयुक्त राज्य अमेरिकामा बन्दुक हिंसा र राजनीतिक निष्क्रियता विरुद्ध राष्ट्रव्यापी विशाल प्रदर्शन क्रममा १९ बालबालिकासहित दुई शिक्षकको हत्या भएकाको घटनाको एक महिनापछि सम्झौता कानून लागू भएको थियो।

## भारतमा पहिरोमा १४ को मृत्यु, थुप्रै अलपत्र

भारत, १७ असार (रासस-एएनआई)

भारतको मणिपुरको नोनी जिल्लामा एक निर्माणाधीन रेलवे साइटको भग्नावशेषमा पुरिएर चौध व्यक्तिको मृत्यु भएको छ भने अन्य थुप्रै फसेको आशक्ता गरिएको छ।

"भग्नावशेषबाट २३ लाई निकालिएको छ जसमा १४ जनाको मृत्यु भएको थियो। त्यसैगरी अन्यको खोजी जारी छ। कति पुरिएका छन् भन्ने यकिन भएको छैन तर हालसम्म स्थानीय, सेना र रेलवे कर्मचारी, मजदूर ( गाडिएका)सहित ६० को मृत्यु भएको हुनसक्ने बतएका छन्।

रातभर खोजी तथा उद्धारकार्य जारी रहेको र घटनास्थलमा सघाउन डोजर लगायतका इन्जिनियरिङ उपकरणलाई परिचालन गरिएको छ।

जिरिबमदेखि इम्फालसम्म निर्माणाधीन रेलमार्गको सुरक्षाका लागि नोने जिल्लाको तुपुल रेलवे स्टेसन नजिक तैनाथ भारतीय सेनाको १०७ टेरिटोरियल आर्मीको कम्पनी लोकेशन नजिक बुधबार र बिहीबार राति पहिरो गएको थियो।

भारतीय सेनाको असम राइफल्स र टेरिटोरियल आर्मीका टुपुल रेलवे स्टेसनका सुरक्षाकर्मीले, नोने जिल्ला, मणिपुरको सामान्य क्षेत्रमा प्रतिकूल मौसमको बावजुद दिनभर पहिरो प्रभावितलाई बचाउन उद्धारकार्य जारी राखेका थिए। अहिले भारतीय रेलवे, नागरिक प्रशासन, एनडीआरएफ, एसडीआरएफ र नोनी जिल्लाका स्थानीयले पनि खोजीकार्य जारी रहेको जनाइएको छ।

यसैबीच प्रधानमन्त्री नरेन्द्र मोदीले बिहीबार मुख्यमन्त्री एन बिरेन सिंहसँग मणिपुरमा लगातार वर्षाका कारण आएको पहिरोको अवस्थाको समीक्षा गर्दै केन्द्र सरकारबाट पूर्णसहयोगको आश्वासन दिएका छन्।

मणिपुरका सीएम श्री २(एन वीरेन्द्र सिहँजीसँग कुरा भयो साथै दुःखद् पहिरोको कारण उत्पन्न स्थितिको समीक्षा भयो।

केन्द्रबाट सबै सम्भव सहयोगको वाचा गर्दछु। म सबै प्रभावितको सुरक्षाको लागि प्रार्थना गर्दछु। म शोकसन्तप्त परिवारसँग छु।

घाइतेहरूको छिट्टै निको होस्।, "प्रधानमन्त्री मोदीले ट्वीटमा उल्लेख गरेका छन्।

## तालिबानका सर्वोच्च नेता अफगान महासभामा सहभागी

काबुल, १७ असार (रासस(सिन्हृवा)

तालिबान प्रशासनका सर्वोच्च नेता हैबतुल्लाह अखुन्दजादा शुक्रबार अफगानिस्तानको जिर्गा वा धार्मिक विद्वान र एल्डरको महासभामा भाग लिएका छन्।

स्थानीय सञ्चारमाध्यमका अनुसार तालिबानका सर्वोच्च नेताले सहभागीलाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

बिहीबार शुरु भएको तीन दिनसम्म चल्ने सम्मेलनमा सहभागी हुन युद्धग्रस्त देशका करिब तीन हजार ५०० उलेमा (धार्मिक विद्वान) लाई निमन्त्रणा गरिएको सरकारी समाचार संस्था बख्तरले जनाएको छ।

जिरगाका सहभागीले कक्षा सातदेखि १२ कक्षासम्मका छात्राका लागि विद्यालय पुनःसञ्चालन गर्ने राष्ट्रिय झण्डा र राष्ट्रिय गानलगायतका विषयमा छलफल गर्ने अपेक्षा गरिएको छ।

## क्यानडामा मङ्की पोक्सका २७८ बिरामी

क्यानडा, १७ असार (रासस(एएनआई/सिन्हृवा)

क्यानडाका प्रमुख जनस्वास्थ्य अधिकारी थेरेसा ट्यामले बिहीबार जुन २९ सम्म देशमा कुल २७८ जनामा मक्की पोक्सबाट सक्रमित भएको पुष्टि गरेकी छिन्।

ब्रिटिश कोलम्बियाका चार, अल्बर्टाबाट पाँच, ओन्टारियोबाट ६७ र क्युबेकका २०२ सक्रमणका घटना दर्ता भएको वरिष्ठ चिकित्सक ट्यामले जनाएकी छिन्।

मक्की पोक्स भाइरसको जोखिमको जोखिम कुनै समूहमा मात्र नभएर यसको शिकार जो कोही पनि हुनसक्ने बताइएको छ।

उनले भनिन्, जुन कुनै लिङ्ग, उमेर समूको व्यक्ति पनि सहजै सक्रमित हुनसक्ने उनले जनाएकी छिन्।

ट्यामका अनुसार अधिकाङ्श सक्रमित २० देखी ६९ उमेर समूहभित्रका छन्।

यो रोग सामान्यतया मध्य र पश्चिम अफ्रिकाको जङ्गली भागमा पाइएको थियो।

आफ्नो घरमा चर्पी बनाई प्रयोग गरौं
वातावरण सफा राखौं।

**राष्ट्रिय सहारा दैनिकका लागि**
प्रकाशक/कार्यकारी सम्पादक
चन्द्रभुषण साह
(९८४५०४१००२,९८१५२७६९९९)

सम्पादक : नवीन अधिकारी
समाचार सम्पादक : वृजलाल पासवान
सह-सम्पादक : रोमन साह, नरेश सर्राफ

कानुनी सल्लाहकार
सुरेन्द्रप्रसाद कुर्मी

बजार व्यवस्थापक:
मुकेश पटेल
(मो.९८५५०७५५११)

कार्यालय : वीरगंज-१९ बाईपास सडक (बैष्णोदेवी मन्दिरको (पुर्व तर्फ) गणेश टोल
मुद्रकः- सहारा अफसेट प्रेस वीरगंज-१६ वाईपास (गणेशटोल)
ईमेलः– sahara.patrika@gmail.com

# बिजुली बेचेर प्राधिकरणले एक महिनामा कमायो एक अर्ब ७२ करोड

**काठमाडौँ १७ असार (रासस)**

गरे के हुँदैन । केही वर्ष अघिसम्म नेपाल आफैँ चरम लोडसेडिङमा थियो ।

बिजुली खरिद गरेर ल्याउँदासमेत दैनिक १८ घण्टासम्म लोडसेडिङ हुन्थ्यो ।

प्राधिकरणभित्र मौलाएको अराजकता नियन्त्रण हुनुको साटो थप विस्तारित भएको थियो । नागरिक चरम अँध्यारोमा बस्न बाध्य थिए । औद्योगिक क्षेत्र ध्वस्त थियो । नेपालमा उद्योग स्थापना गर्नुभन्दा पैसा बैंकमा राखेर ब्याज लिनु नै सबैभन्दा उत्तम विकल्प हुन्थ्यो ।

पछिल्ला पाँच वर्षमा नेपालको ऊर्जा क्षेत्रका गुणस्तरीय परिवर्तन भयो । रुग्ण अवस्थामा रहेका आयोजना एकपछि अर्को गर्दै निर्माण सम्पन्न भए । ठूला क्षमताका प्रसारण लाइन पनि निर्माण सम्पन्न भए । झण्डै रु ३५ अर्ब बराबरको सञ्चित घाटा भएको नेपाल विद्युत् प्राधिकरणको मुनाफामात्रै वार्षिक रु १२ अर्ब बढी हुन थाल्यो ।

पछिल्ला आर्थिक वर्षमा त सरकारी संस्थानमध्ये सबैभन्दा बढी नाफा कमाउने संस्थानका रूपमा प्राधिकरण स्थापित भएको छ । आन्तरिकरूपमा बिजुली बिक्री तथा वितरण गर्दै प्राधिकरण अब योजनाबद्धरूपमा बिजुली निर्यात गर्ने अवस्थामा पुगेको छ ।

गत वर्षको लक्ष्मी पूजाको दिनदेखि ३९ मेगावाट बिजुली भारत पठाएर व्यापार सुरु गरेको प्राधिकरणले गत जेठ १९ अर्थात् जुन २ तारिखदेखि दैनिक ३६४ मेगावाट बराबरको बिजुली भारत निर्यात गरेको छ ।

प्राधिकरणले भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स) मार्केटमा प्रतिस्पर्धी दरमा खुद रु एक अर्ब ७२ करोड ३० लाख बराबरको विद्युत बिक्री गरेको छ । पछिल्लो एक महिनाको विवरण हो यो । प्राधिकरणले आगामी छ महिनासम्म बिजुली बिक्री गर्नेछ ।

प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत् गत १९ जेठदेखि आइएक्समा बिक्री सुरु गरेको थियो ।

सुरुमा दुईवटा विद्युतगृहको ३९ मेगावाट विद्युत् दैनिकरूपमा आइएक्समा बिक्री गरिएको थियो । त्यसपछि २७ जेठदेखि दैनिकरूपमा ३६४ मेगावाट विद्युत् भारतीय बजारमा प्रतिस्पर्धी दरमा बिक्री हुँदै आएको छ ।

नेपाल विद्युत् प्राधिकरणले भारतको विद्युत् मन्त्रालयअन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणबाट छवटा जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत्लाई स्रोत मानी ३६४ मेगावाट विद्युत् आइएक्स मार्केटमा बिक्री गर्न स्वीकृति पाएको छ ।

जेठ र मध्य असारसम्म हेर्दा मात्रै १७ करोड ८१ लाख ९१ हजार युनिट विद्युत् भारतीय बजारमा बिक्री गरिएको छ । प्राधिकरणले यस अवधिमा भारतमा बिक्री गरेको विद्युत्बाट सम्पूर्ण शुल्क कटाएर खुदरूपमा रु एक अर्ब ७२ करोड ३० लाख कमाएको छ ।

जुन महिनामा प्रतिस्पर्धी बजारमा बिक्री गरिएको विद्युत्को औसत प्रतियुनिट दर नौ रुपैयाँ ६७ पैसा छ । आइएक्समा २४ घण्टालाई १५(१५ मिनेटको ९६ वटा ब्लकमा विभाजन गरी बजारले तय गरेको प्रतिस्पर्धी दरमा विद्युत्को कारोबार गरिन्छ । त्यसैले हरेक ब्लकको मूल्य फरक(फरक हुने गरेको छ ।

प्राधिकरणले यस अवधिमा विद्युत् बिक्रीको औसत दर सबैभन्दा बढी १५ जुन (१ असार)मा पाएको छ । त्यस दिनको प्रतियुनिट औसत दर १५ रुपैयाँ ९३ पैसा थियो । सबैभन्दा कम औसत दर २१ जुन (७ असार)मा थियो । त्यसदिन औसत दर प्रतियुनिट चार रुपैयाँ ९२ पैसा थियो ।

यस अवधिमा ३ जुन (२० जेठ)मा सबैभन्दा कम रु ५६ लाख ६७ हजारको विद्युत् बिक्री गरिएको छ । त्यस दिन नौ लाख आठ हजार युनिट विद्युत् बिक्री गरिएको थियो ।

सबैभन्दा बढी १४ जुन (३१ जेठ) रु सात करोड २८ लाखको विद्युत् बिक्री भएको छ । त्यस दिन ७८ लाख १३ हजार ३०० युनिट विद्युत् बिक्री गरिएको थियो ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले नेपालले गत वर्षबाट सुरु गरिएको भारतीय प्रतिस्पर्धी बजारमा विद्युत् व्यापार यस वर्षबाट थप प्रभावकारीरूपमा अगाडि बढेको बताउनुभयो ।

“जुन महिनामा निर्यात गरिएको विद्युत्को परिमाण र त्यसबाट प्राप्त भएको बिक्री मूल्यलाई हेर्दा भारतसँगको विद्युत् व्यापार प्रभावकारीरूपमा अगाडि बढेको छ, विदेशी मुद्रा सञ्चितिको चाप परिरहेको हालको अवस्थामा देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत् बिक्री गरी विदेशी मुद्रा आर्जन गर्न सफल भएका छौँ”, कार्यकारी निर्देशक घिसिङले भन्नुभयो, “यसबाट नेपालको भारतसँगको व्यापार घाटालाई केही कम गर्न र देशको सोधानान्तर बचतमा समेत योगदान पुग्ने छ ।”

उहाँले चालु आवमा करिब रु पाँच अर्ब र आगामी वर्षमा करिब रु २० अर्बको विद्युत् निर्यातको प्रक्षेपण गरिएको बताउनुभयो ।

उहाँले भारतसँगको विद्युत् व्यापारले नेपालको जलविद्युत्को विकासमा ठूलो सहयोग पुग्ने बताउनुभयो । पहिलो प्राथमिकता देशभित्रै विद्युत् खपत गर्ने र त्यसका लागि प्रसारण र वितरण प्रणालीका पूर्वाधार संरचनामा राज्यले अझै लगानी बढाउनुपर्ने देखिएको घिसिङले बताउनुभयो ।

“मुख्यरूपमा औद्योगिक ग्राहकबाट भोल्टेजका कारणले छिनछिनमा लाइन ट्रिपिङ हुँदा भरपर्दो र गुणस्तरीय विद्युत् नपाएको गुनासो आउने गरेको छ, प्रायः वर्षायाममा हुने यस्ता समस्या समाधान गर्न देशभरि नै प्रसारण तथा वितरण प्रणाली संरचनाको सुधार, विस्तार र स्तरोन्नति अभियानकै रूपमा चलाइएको छ, यसको नतिजा अब विस्तारै देखिने छ”, उहाँले भन्नुभयो ।

गत चैतमा प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणका क्रममा नेपाल(भारतबीच ऊर्जा क्षेत्रमा सहकार्यसम्बन्धी संयुक्त दृष्टिकोण पत्र जारी भएको थियो । त्यसलगत्तै विद्युत् प्राधिकरणले थप चार जलविद्युतगृहबाट उत्पादित विद्युत् भारतमा निर्यातका लागि स्वीकृति पाएको थियो ।

कार्यकारी निर्देशक घिसिङले दुई मुलुकबीचको विद्युत् व्यापारलाई यो चरणसम्म ल्याउन पहल तथा सहयोग गर्ने सम्बद्ध सबै व्यक्ति र निकायलाई धन्यवाद दिनुभयो ।

भारतको केन्द्रीय विद्युत् प्रणालीअन्तर्गत दैनिक विद्युत् बजार (डे अहेड मार्केट)मा विद्युत् बिक्री गरिन्छ । प्राधिकरणले हरेक दिन बिहान १० बजेदेखि मध्याह्न १२ बजेसम्म एक्सचेन्ज बजारमा बिक्री गरिने विद्युत्को परिमाणसहित बिडमा प्रतिस्पर्धा छ ।

विद्युत् प्रणालीमार्फत तय हुने ‘मार्केट क्लियरिङ प्राइस’का आधारमा विद्युत्को प्रतियुनिट बिक्री दर तय हुन्छ । प्रतिस्पर्धी दर तय भएपछि रातिको १२ बजेदेखि अर्को दिनको रातको १२ बजेसम्म अर्थात् २४ घण्टा विद्युत् निर्यात गरिन्छ ।

प्राधिकरणका तर्फबाट एक्सचेन्ज बजारको सम्पूर्ण कारोबार नेपालसँगको विद्युत् व्यापारका लागि तोकिएको सम्पर्क निकाय एनटिपिसी विद्युत् व्यापार निगम (एनभिभीएन)ले गर्छ ।

एनभिभीएनले हरेक दिनको कारोबारसम्बन्धी विवरण प्रत्येक दिन साँझ ६ बजे प्राधिकरणलाई पठाउँछ । सोही आधारमा बिजुली बिक्री हुन्छ । वर्षाको समयमा विशेषगरी रातको समयमा खेर जाने बिजुली निर्यातका लागि पनि प्राधिकरणले पहल गरिरहेको छ ।

# जलस्रोत संरक्षण गर्ने कानून र निकायको माग

**काठमाडौँ, १७ असार (रासस)**

जलस्रोतको संरक्षण गर्ने कानून र निकायको अभावमा देशभरका नदीनालामा दोहन हुने क्रम बढेकाले यसको संरक्षण गरेर विकासका काम अघि बढाइनुपर्नेमा जोड दिइएको छ ।

जल तथा ऊर्जा आयोगको सचिवालयले आज यहाँ आयोजना गरेको ‘जलस्रोत व्यवस्थापन तथा वास सेवासम्बन्धी कार्यशाला’ का वक्ताले खानेपानी, विद्युत् उत्पादन र सिँचाइमा जलस्रोतको उपयोग भए पनि यसको संरक्षण गर्न ती निकायले ध्यान नदिएको बताएका छन् ।

कार्यक्रममा सचिवालयका सहसचिव शिशिर कोइरालाले देशका नदीनाला जोखिममा रहेको बताउनुभयो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइलाई एउटै मन्त्रालयमा ल्याए पनि खानेपानी अझै छुट्टै रहेकाले पनि संरक्षणमा समस्या आएको उहाँको भनाइ थियो । सचिवालयलाई दाह्रा र नङ्ग्रा नभएको बाघ जस्तो संस्थाका रुपमा स्थापित गरिएकाले काम हुन नसकेको जनाइएको छ ।

जलस्रोत संरक्षणका लागि विधेयकको मस्यौंदा तयार गरी अर्थ मन्त्रालयको राय लिन पठाइएको छ । अर्थपछि कानून राय लिएर मन्त्रिपरिषद् हुँदै संसद्मा विधेयक पेश गरिने तयारी भएको छ ।

विधेयकले ऐनको रुप लिएपछि एकीकृत रुपमा जलस्रोतको व्यवस्थापन गर्न सकिने विश्वास गरिएको छ ।

सचिवालयका अर्का सहसचिव कलानिधि पौडेलले आयोगको पुनर्संरचना गरी त्यसलाई अन्तिम रुप दिन लागिएको बताउनुभयो ।

ऊर्जा मन्त्रालयले मेगावाटको मात्र, खानेपानीले एक घर एक धाराको कुरा गर्ने तर दुवै निकायले नदीनाला संरक्षणको कुरा नगर्ने गरेकाले आयोगको पुनसंरचनासहित जल तथा ऊर्जा विधेयक २०७९ को मस्यौंदा गरी प्रक्रिया अघि बढाइएको उहाँले सुनाउनुभयो ।

कार्यक्रममा वातावरणविद् वटुकृष्ण उप्रेतीले नदीनाला संरक्षणका विषयमा कार्यपत्र प्रस्तुत गर्नुहुँदै जलस्रोतको उपयोग गर्ने सरकारी निकाय धेरै भए पनि वातावरण नबिगार्ने गरी यसको संरक्षण गर्ने संस्थाको अभाव भएको बताउनुभयो ।

कार्यक्रममा सचिवालयका वरिष्ठ डिभीजनल इञ्जिनीयर डा कपिल ज्ञवाली, वाटर एडका कविन्द्र पुडासैनी, नेपाल विद्युत प्राधिकरणका निर्माण श्रेष्ठ, नेपाल इञ्जिनीयरिङ कलेजका प्रा सावित्री त्रिपाठी, वन तथा वातावरण मन्त्रालयका बिजेन्द्रकृष्ण श्रेष्ठ, विश्व स्वास्थ्य सङ्गठनका राजाराम श्रेष्ठ, नेपाल जलयात्रा संस्थाका अध्यक्ष शिव अधिकारी, खानेपानी तथा सरसफाइ उपभोक्ता महासङ्घका अध्यक्ष राजेन्द्र अर्याललगायतले देशभर नदी किनारमा होटल, रिसोर्टलगायत पर्यटन, मनोरञ्जन, खेल, उद्योगलगायत संस्थाका नाममा संरचना निर्माण गरेर ढल फोहर सिधै हाल्दा पनि कुनै निकायको ध्यान जान नसकेको बताउनुभयो ।

स्थानीय तहले समेत नदी किनारमै फोहर थुपार्ने गरेकाले नदी सभ्यता चौतर्फी आक्रमणमा परेकाले पनि जलस्रोतको नियमन गर्ने गरी कानूनी व्यवस्थासहितको सरकारी संरचना खडा गर्न ढिला भएकाले छिटो गर्नुपर्नेमा जोड दिनुभएको थियो ।



बिक्रिमा “पग”
सम्पर्क नं. ९८०९१८३४२८

# वढ्दैछ चामलमा परनिर्भरता

**-राजाराम कार्की**
**काठमाडौँ, १८ असार (रासस)**

सरकारले लगातार दश वर्षदेखि सार्वजनिक गर्दै आएको तथ्य र तथ्याङ्कले चामलको परनिर्भरता अकासिएको पुष्टि हुन्छ ।

आर्थिक वर्ष २०६९/७० मा करिब रु २० अर्बको चामल आयात भएको थियो । १० वर्षपछि अर्थात् चालु आव ०७८/७९ को ११ महिना (जेठ मसान्त) सम्म आइपुग्दा सो अङ्कमा १५० प्रतिशतले वृद्धि भई झण्डै रु ५० अर्बको चामल, चामलजन्य कनिका र ढुटो आयात भएको भन्सार विभागको तथ्याङ्कमा उल्लेख छ ।

उक्त चामल नेपालमा भारत, चीन, भियतनाम, अमेरिका, थाइल्यान्ड लगायतका मुलुकबाट आयात भएको हो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार आयात भएका चामलमा ७० प्रतिशत मसिनो र बास्नादार चामलको हिस्सा पर्दछ । जुन चामल घरानिया परिवार र उच्चकोटीका होटलमा खपत हुने गरेको बताइन्छ ।

सरकारको आव २०७८/७९ को बजेट पुस्तिकाको बुँदा नं १०८ मा नेपाललाई आगामी पाँच वर्षमा धानमा आत्मनिर्भर बनाइने घोषणा गरिएको थियो । त्यसो त, आर्थिक वर्ष २०७३/७४ देखि नेपाल सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत धानमा आत्मनिर्भर बनाउने योजना लागू गरेको भए पनि परिणाम सकारात्मक देखिएन ।

आव ०६९/७० मा १४ लाख २० हजार ५७० हेक्टर जमिनमा खेती भई ४५ लाख चार हजार ५०३ मेट्रिक टन धान उत्पादन भएको थियो । एक हेक्टर जमिन भनेको २० रोपनी हो । सरकारी आँकडाअनुसार नेपालमा झण्डै ३१ लाख हेक्टर जमिनमा खेती हुन्छ जसमध्ये आधा जमिनमा धान खेती गर्न सकिन्छ तर केन्द्रीय तथ्याङ्क विभागले २०६८ मा सार्वजनिक गरेको कृषि गणनामा १० लाख हेक्टर जमिन बाँझो रहेको उल्लेख छ ।

प्रत्येक १०/१० वर्षमा कृषि गणना सुरु हुँदै आएको छ । नेपालमा सातौँ कृषि गणना २०७९ साल वैशाख ६ देखि सुरु भई १९ गते सकिएको थियो । तर सो गणना सार्वजनिक हुन अझै सात महिना लाग्ने केन्द्रीय तथ्याङ्क विभागका अधिकारी हेमराज रेग्मीले जानकारी दिनुभयो ।

यस अवधिसम्म आइपुग्दा कति खेतीयोग्य जमिन घडेरीकरण, खण्डीकरण वा नदीले कटान गर्‍यो । त्यसको कुनै आधिकारिक तथ्याङ्क छैन ।

गत तीन आर्थिक वर्षदेखि हरेक सरकारले बजेटमार्फत जमिन बाँझो राख्न नदिन कडा कानुन ल्याउने बताउँदै आएका छ । कार्यान्वयन भने हुन सकेको छैन । तर समयमा नै रासायनिक मल उपलब्ध गराउन नसकेकामा किसानले सरकारको विरोध गर्दै आएका छन् ।

आव २०७०/७१ मा ५० लाख ४७ हजार ४७ मेट्रिक टन धान उत्पादन भएको थियो । सोही वर्ष १४ लाख ८६ हजार ९५१ हेक्टर जमिनमा धान खेती गरिएको थियो । सो वर्ष एक लाख ५५ हजार मेट्रिक टन धान मौज्दात थियो । सो वर्षदेखि लगातार मौज्दातमा शून्यता देखिएको छ ।

कृषियोग्य जमिनको चक्लाबन्दी, कबुलियती, सामूहिक र करार खेतीमार्फत धान उत्पादनको वृद्धि गरिने विषय उठान भएको छ (६) आर्थिक वर्ष नाघिसकेको छ । प्रत्येक बजेट पुस्तिकामार्फत उक्त कुरा लेखिएको भए पनि कार्यान्वयन फितलो देखिएको बताउनुहुन्छ, वरिष्ठ धानबाली विशेषज्ञ लवप्रसाद त्रिपाठी ।

लगातारका दश वर्षमध्येमा आर्थिक वर्ष ०७७/७८ मा सबैभन्दा धेरै अर्थात् ५६ लाख २१ हजार ७१० मेट्रिक टन धान उत्पादन भएको थियो । तर सोही वर्ष रु ४५ अर्बको चामल आयात भएको छ भने त्यस वर्ष १४ लाख ७३ हजार ४७८ हेक्टर जमिनमा धान खेती भएको थियो ।

आर्थिक वर्ष २०६०/६१ देखि लगातार धान खेतीयोग्य जमिन मासिँदै गएको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ । सो वर्ष १५ लाख ५९ हजार ४३६ हेक्टर जमिनमा धान खेती गर्दा त्यसको १९ वर्ष अर्थात् ०७८/७९ सम्म पुग्दा ८२ हजार ५८ हेक्टर जमिन घट्न गई १४ लाख ७७ हजार ३७८ हेक्टर जमिनमा धान खेती भएको छ ।

आव ०७२/७३ देखि ०७७/७८ सम्म अर्थात् छ वर्षको अवधिमा झण्डै रु दुई खर्बको चामल आयात भएको छ । आव ०७२/०७३ मा रु २५ अर्ब आव ०७३/७४ मा रु २४ अर्ब, आव ०७४/७५ मा रु २९ अर्ब आव ०७५/७६ मा रु ३४ अर्ब र आव ०७७/७८ मा रु ४५ अर्बको चामल आयात भएको थियो । सोही आव अर्थात् ०७२/७३ मा ४२ लाख ९९ हजार ७८, आव ०७३/७४ मा ५२ लाख ३० हजार ३२७, आव ०७४/७५ मा ५१ लाख ५१ हजार ९२५, आव ०७५/७६ मा ५६ लाख १० हजार ०११, आव ०७६/७७ मा ५५ लाख ५० हजार ८७८ र आव ०७७/७८ मा ५६ लाख २१ हजार ७१० मेट्रिक टन धान उत्पादन भएको थियो ।

नेपालको जनसङ्ख्या झण्डै तीन करोड छ । सो सङ्ख्यालाई धान्न

*बाँकी तेश्रो पृष्ठमा*



यो ठाउ बिज्ञापनको लागि

राष्ट्रिय
सहारा
RASTRIYA SAHARA DAILY दैनिक

यो ठाउ बिज्ञापनको लागि

वर्ष १९ अंक २७७ २०७९ असाढ १८ गते शनिवार (2022 July 02 Saturday) मुल्य रू. ५।- पृष्ठ संख्या ४

# उत्पादन गरेर आयात प्रतिस्थापन गरौं

काठमाडौँ, १७ असार (रासस)

देशलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन आयात प्रतिस्थापन गर्ने व्यावहारिक नीति तयार गरी कार्यान्वयनमा ल्याउनुपर्नेमा जोड दिइएको छ।

पछिल्ला दिनमा विदेशी मुद्राको सञ्चिति घट्नुको कारण बढ्दो आयात भएकाले त्यसलाई नियन्त्रण गर्दै आन्तरिक उत्पादनको वृद्धिमा लाग्नुपर्ने आर्थिक क्षेत्रका जानकारहरूले सुझाव दिएका छन्।

सेन्टर फर प्रोफेसनल जर्नलिजम स्टडिजले आज आयोजना गरेको 'नेपालको वर्तमान आर्थिक अवस्था एक सिंहावलोकन' विषयक अन्तर्क्रियामा नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीले आगामी दिनमा हुनसक्ने आर्थिक सङ्कटबाट जोगिनका लागि आन्तरिक उत्पादनलाई बढवा दिनुपर्ने बताउनुभयो। उहाँले अत्यावश्यक बाहेकका वस्तुको आयातमा रोक लगाउन सुझाव दिनुभयो।

अर्थ मन्त्रालयका सल्लाहकार डा सुरेन्द्र उप्रेतीले विदेशी मुद्राको सञ्चिति घट्न थालेपछि आयात निरुत्साहित गर्ने नीति लिएको प्रस्ट पार्दै विदेशी मुद्रा जोगाउने विषयमा सकार सचेत रहेको बताउनुभयो।

आयात निरुत्साहित गर्ने नीतिसँगै चालु आवको पछिल्लो ६ महिनामा विदेशी मुद्रा बाहिरिने क्रम रोकिएको उहाँको दावी छ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा विश्व पौडेलले विदेशी लगानी ल्याएर भए पनि आन्तरिक उत्पादन बढाउने र विद्युत्को माग बढे अनुसार प्रशारण र वितरण लाइनमा सुधार गर्दै आन्तरिक उत्पादन बढाउने योजनामा सरकार रहेको सुनाउनुभयो।

उद्योगी पवल गोल्यानले आर्थिक क्षेत्रमा तरलताको समस्याले उद्योगसमेत बन्द हुने अवस्थमा पुगेको बताउँदै आन्तरिक उत्पादन बलियो नहुँदासम्म अर्थतन्त्र बलियो हुन नसक्ने धारणा राख्नुभयो।

अर्थशास्त्री डा गोविन्द नेपालले पार्टीगत र व्यक्तिगत स्वार्थभन्दा माथि उठेर मुलुकको आर्थिक विकासको निम्ति लाग्न राजनीतिक दलका नेतालाई आग्रह गर्नुभयो।

अर्थशास्त्री डा रघुवीर विष्टले सरकारले आन्तरिक उत्पादनबारे प्रस्ट नीति बनाएर कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

# विपद् न्यूनीकरणका लागि तीनै तहको सरकारबीच सहकार्य आवश्यक-मुख्यमन्त्री

जनकपुर, १७ असार (रासस)

मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले विपद्बाट हुने धनजनको क्षतिलाई न्यूनीकरण गर्न तीनै तहको सरकारबीच समन्वय र सहकार्य आवश्यक रहेको बताउनुभएको छ।

धनुषा र सिरहाको सिमानामा पर्ने कमला नदीको पूर्वी किनारामा आज मधेस प्रदेश सरकारको गृह तथा सञ्चार मन्त्रालयद्वारा आयोजित प्रदेशस्तरीय विपद् प्रतिकार्य तयारी कृत्रिम अभ्यास कार्यक्रममा बोल्नुहुँदै मुख्यमन्त्री राउतले तीनै तहको सरकारबीच समन्वय र सहकार्य गरी अघि बढ्न सके विपद्बाट वर्षेनी हुने



धनजनको क्षतिमा न्यूनीकरण हुने बताउनुभयो।

"नदीको उत्खनन र चुरे दहनका कारण तराई मधेसका जिल्ला विपद्को उच्च जोखिम छ", मुख्यमन्त्री राउतले भन्नुभयो, "बाढीपहिरो जस्ता विपद्का कारण वर्षेनी ठूलो धनजनको क्षति हुँदै आएको छ, यसलाई नियन्त्रण गर्न तीनै तहको सरकार सामूहिक रुपमा अघि बढ्नु जरुरी छ।"

प्रदेश सरकारले विपद्सम्बन्धी काम गर्ने छुट्टै संयन्त्र निर्माण गर्ने जानकारी दिनुहुँदै मुख्यमन्त्री राउतले छिट्टै संयन्त्र बनाइ त्यसमा सिइओ नियुक्त गरी विपद् रोकथाम र न्यूनीकरणसम्बन्धी कार्य अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। बाढीजन्य प्रकोपका कारण वर्षेनी हुने धनजनको क्षतिलाई न्यूनीकरण गर्ने उद्देश्यले कमला नदीमा प्रदेशस्तरीय विपद् प्रतिकार्यसम्बन्धी कृत्रिम अभ्यास गरिएको छ।

कृत्रिम अभ्यासमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले मनसुनजन्य प्रतिकार्यसम्बन्धी कृत्रिम अभ्यास गरेका थिए।

कमला नदीलाई प्रतिकात्मक रुपमा विभिन्न भागमा विभाजित गरी नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी टोलीले हेलिकप्टर, लाइफ ज्याकेटलगायत सामग्रीको सहायतामा विपद्मा परेकाहरुको उद्धारसम्बन्धी कृत्रिम अभ्यास गरेको थियो। विपद्का समस्या पीडितलाई कसरी उद्धार गर्ने ? बाढीमा फसेकालाई उद्धार गरेर सुरक्षित स्थानमा कसरी लैजाने ? घाइतेहरुको प्राथमिक उपचार कसरी गर्ने ? उद्धारका क्रममा सुरक्षाकर्मी आफू कसरी सुरक्षित हुने ? विपद्का बेला के के कुरामा ध्यान दिनेलगायत विषय वस्तुलाई समेटेर सुरक्षाकर्मीले विपद् पुर्वाभ्यास प्रस्तुत गरेका थिए।

सो अवसरमा मधेस प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साह, धनुषाका प्रमुख जिल्ला

बाँकी तेश्रो पृष्ठमा

# समाजबादी प्रेस संगठन मधेश प्रदेशको विस्तारित बैठक

## साउन २८ र २९ गते प्रदेश अधिवेशन गर्ने निर्णय



सहारा संवाददाता——
वीरगंज, १७ अषाढ ।

समाजबादी प्रेस संगठन नेपाल मधेस प्रदेस समितिको बिस्तारित बैठक सम्पन्न भएको छ।

वीरगंज स्थित होटल कुमु प्यालेसमा बसेको संगठनको विस्तारित बैठकले साउन २८ र २९ गते मधेस प्रदेशको अधिबेशन गर्ने निर्णय गरेको छ।

बैठकले प्रदेश अधिबेशन अगावै साउन १५ गते भित्र प्रदेशका आठ जिल्लाकै अधिबेशन गर्ने समेत निर्णय गरेको जनाइएको छ।

संगठनका प्रदेश संयोजक बृजलाल पासवानको अध्यक्षतामा आयोजित बैठकमा नेकपा ( एकीकृत समाजबादी ) का पोलिटब्युरो सदस्य रामचन्द्र साहको बिशेष उपस्थित रहेको थियो।

बैठकले असार मसान्त भित्रमा आठ वटै जिल्लाका सदस्यहरुको अध्यावधी गरि प्रदेश समितीमा बुझाउने पनि निर्णय भएको संगठनका संयोजक पसावानले बताउनु भयो।

बैठकले संघ र प्रदेश निर्वाचन केन्द्रित प्रचार अभियान चलाउने निर्णय गर्नुको साथै समाजबादी प्रेस संगठनका उपाध्यक्ष सितल साह बृहतर जनकपुर बिकास परिषदको अध्यक्ष र संगठनका सिरहा अध्यक्ष राजकुमार राउत सुरुङ्गा ना .पा वडा नं. १ का वडा अध्यक्षमा निर्वाचित हुनुभएकोमा बधाई एवं सम्मान

बाँकी तेश्रो पृष्ठमा

# ठगी मुद्दामा फरार चौधरी पक्राउ



सहारा संवाददाता——
वीरगंज, १७ अषाढ ।

ठगी तथा संगठित अपराध सम्बन्धी कसूर मुद्दाका फरार रहेका गणेश सहनी भन्ने गणेश चौधरीलाई पर्सा प्रहरीले पक्राउ गरेको छ।

ठगी तथा संगठित अपराध सम्बन्धी कसूर मुद्दामा पर्सा जिल्ला अदालत र उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजको आदेशले कैद र जरिवाना सजाय भए पछि फरार रहेका चौधरीलाई इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीले पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय पर्साले दिएको जानकारी अनुसार २०७१ चैत ३ गते बाग्लुङ जिल्ला पाण्डवखानी गा.बि.स.वडा नं.१ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा.वडा

बाँकी तेश्रो पृष्ठमा

# बैंकिङ कसूर मुद्दामा फरार हजाम पक्राउ

सहारा संवाददाता——
वीरगंज, १७ अषाढ ।

बैंकिङ कसूर मुद्दामा फरार रहेका दशरथ ठाकुर हजामलाई पर्सा प्रहरीले पक्राउ गरेको छ।

उच्च अदालत पाटन हेटौडा ईजलास संयुक्त वाणिज्य ईजलासबाट रू.१२ लाख २६ हजार जरिवाना र कैद सजाय तोकिए पछि फरार रहेका हजामलाई वडा प्रहरी कार्यालय विर्ताको टोलीले पक्राउ गरेको हो।



२०७६ अषाढ ७ गते कपिलवस्तु जिल्ला वाणगंगा नगरपालिका वडा नं.४ बस्ने तिलकराम गुप्ताले संचालन गरेको मारुति नन्दन एग्रो इण्डट्रिज प्रा.लि.बाट वीरगंज महानगरपालिका वडा नं.१ घरभई हाल चितवन जिल्ला भरतपुर म.न.पा.वडा नं.४ गढीमाई सप्लायर्सका संचालक वर्ष ४९ को हजामले रू.४५ लाखको उधारो कारोवार गरी फरार रहेको सम्बन्धमा गुप्ताको जाहेरीले उच्च अदालत पाटन

बाँकी तेश्रो पृष्ठमा

# चट्याङ लागेर एकको मृत्यु, २ घाइते

सहारा संवाददाता——
कलैया, १७ अषाढ ।

बारा जिल्ला सूवर्ण गाउपालिकामा चट्याङ लागेर एक जनाको मृत्यु भएको छ।

सूवर्ण गाउपालिका वडा नं. ७ समफुलुवास्थित शुक्रवार खेतमा काम गरिरहेको अवस्थामा चट्याङ लागेर स्थानीय २० वर्षीय धिरज प्रसाद यादवको मृत्यु भएको हो।

खेतमा काम गरिरहेको बेला मेघगर्जन सहित परेको चट्याङ लागेर यादवको घटनामै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायव उपरीक्षक राजेश थापाले

बाँकी तेश्रो पृष्ठमा

# गाडीको ठक्करबाट युवकको मृत्यु

मलंगवा, १७ असार (रासस)

पूर्व-पश्चिम राजमार्गअन्तर्गत सर्लाहीको हरिवनमा गए राति गाडीको ठक्करबाट एक युवकको मृत्यु भएको छ।

मृत्यु हुनेमा हरिवन नगरपालिका(११ कडरिया चोकका २४ वर्षीय जयबहादुर विक रहेका जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक विजय यादवले जानकारी दिनुभयो। उहाँका अनुसार ती युवकलाई

बाँकी तेश्रो पृष्ठमा

# सहिद परिवारलाई आर्थिक सहयोग

लहान, १७ असार (रासस)

मधेस प्रदेश सरकारले जनयुद्धका क्रममा सहिद भएका सिरहाका ९५ परिवारलाई रु एक लाखको दरले आर्थिक सहयोग प्रदान गरेको छ।

मधेस प्रदेश सरकारको गृह तथा सञ्चार मन्त्रालय र मधेसी सहिद प्रतिष्ठानद्वारा सिरहाको मिर्चैयामा आज आयोजित कार्यक्रममा नेकपा माओवादी केन्द्रका नेता तथा पूर्वमन्त्री मात्रिकाप्रसाद यादव, प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहले सहिद परिवारलाई प्रमाणपत्र र रु एक लाखको चेक हस्तान्तरण गर्नुभयो।

नेता यादवले सङ्घीय सरकारले जनयुद्धका सहिदलाई सम्मान गर्न नसकेपनि मधेस प्रदेश सरकारले जनयुद्ध दिवस र सहिद परिवारलाई सम्मान तथा आर्थिक सहयोग गर्नु स्वागतयोग्य कार्य भएको उल्लेख गर्नुभयो। प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री साहले सहिद परिवारलाई सम्मान गर्न प्रदेश सरकारले कुनै कन्जुस्याइँ नगर्ने बताउनुभयो।

प्रदेश सरकारले जनयुद्ध, जनआन्दोलन र मधेस आन्दोलनका शहिद परिवारलाई भरणपोषण गर्न मासिक भत्ता र शहिद परिवारका छोराछोरीलाई छात्रवृत्ति दिन लागेको जानकारी दिनुभयो। गरिब, बिपन्न परिवारका बिरामीहरुलाई उपचारका

बाँकी तेश्रो पृष्ठमा

स्थानीय भाषा, कला, संस्कृतिको संरक्षण, प्रवर्द्धन गर्न तथा सामाजिक कुरिती र महिला विरुद्ध हुने सबै प्रकार हिंसा अन्त्य गरौ बीरगंजलाई हरेक दृष्टिले नमुना शहर बनाऔं।

बीरगज महानगरपालिका